# मौसमी तथा बेमौसमी तरकारी खेती तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## गल्छी, धादिङ्ग

**१४-१६ बैशाख २०७९**

Vegetable Farming Training, Galchhi, Dhading 27-29 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ४७ जना ग्राहक सदस्यहरुलाई **"व्यवसायिक मौसमी तथा वेमौसमी तरकारी खेती तालिम"** दिएको छ ।

२०७९ बैशाख १४ गते देखि १६ गतेसम्म धादिङ्ग जिल्लाको गल्छीमा उक्त तालिम दिईएको हो । गल्छी शाखाद्वारा प्रवर्द्धित फोस्रेटार समूहकी सदस्य सरिता बिडारीको सभापतित्वमा सम्पन्न तालिमको उद्‌घाटन समारोहमा संस्थाका क्षेत्रिय कार्यालय काठमाडौंका कार्यक्रम अधिकृत राजु तामाङ्ग प्रमुख अतिथि रहनु भएको थियो । उहाँले तालिममा सिकेका कुराहरुलाई व्यवसायमा उतार्न आग्रह गर्नु भयो । उहाँले तालिमको तथ्याङ्क हेर्दा अत्यन्तै धेरै भए पनि व्यवहारमा परिणत गरेको पाईंदैन भन्दै सबै सहभागीलाई व्यवसायिक बन्न र तालिममा सक्रिय सहभागी हुन आग्रह गर्नु भयो ।

तालिममा प्रशिक्षक कृषि विज्ञ गल्छी गाउँपालिका कार्यालय धादिङ्गका किरण गिरी, शाखा प्रमुख बीर बहादुर लामा तामाङ्ग, क्षेत्रिय प्रतिनिधि कार्यक्रम अधिकृत राजू तामाङ्ग रहनु भएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिई रहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घर परिवार आर्थिक समुन्नति तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालय काठमाडौंका कार्यक्रम अधिकृत राजु तामाङ्गले बताएका थिए ।

तालिममा सहभागीहरुलाई स्वागत संस्थाको गल्छी शाखाका कर्मचारी पदमा भट्टराईले तथा तालिमको उद्देश्य, शाखाको वस्तुस्थिति, शाखाको भावी रणनितीको बारेमा शाखा प्रमुख बीर बहादूर लामा तामाङ्गले र संस्थाका प्रमुख कार्यकारी अधिकृतको तालिम सन्देश वाचन तथा समग्र संस्थाको बारेमा कार्यक्रम अधिकृत राजू तामाङ्गले प्रकाश पार्नु भएको थियो ।

तरकारी खेती गरिरहेका संस्थाका ग्राहक सदस्यहरु लाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका गल्छी, धादिङ्ग शाखाका प्रमुख बीर बहादूर लामा तामाङ्गले जानकारी गराउनु भएको थियो । कार्यक्रम संचालन गल्छी शाखाका कर्मचारी राजू पौडेलले गरेका थिए ।